## अन्तिम पृष्ठ

### परदेशीको गीत

2008-11-07,Friday



अस्ट्रेलियामा बस्छन् भुवनविक्रम थापा । नौ वर्ष अध्ययनका लागि अस्ट्रेलिया हिँडेका थापा अहिले करिअर बनाउने धुनमा छन् । आइटीमा काम गर्ने मेलो समातेका छन् ।
काम आइटीको क्षेत्रमा गरे पनि उनको रुचि भने संगीतमा गढेको छ । गीत लेख्नेदेखि, संगीत गर्ने र स्वर भर्ने कामसमेत उनी आफैं गर्छन् । भन्छन्, 'संगीतको संसार रमाइलो रहेछ ।' एल्बमको नाम राखेका विदेशमा बस्दाबस्दै' यो उनको दोस्रो एल्बम हो । यसअघि 'लक्की नाइन' नाम राखेर एल्बम निकाले पनि परिणाम भने औसत मात्रै आयो ।

आधुनिक पपगीतप्रति विषेश रुचि छ उनको । कर्मभूमि विदेशलाई बनाएकाले होला, उनका गीतमा मातृभूमिप्रतिको चिन्ता प्रशस्तै भेटिन्छ । विदेशमा बस्दाबस्दै घर मैले भुल्ने हो कि...गीतको एउटा लाइन सुनाए उनले । यस्तै मर्मस्पर्शी छन् अन्य गीत पनि ।
केही दिनका लागि नेपाल आएका भुवनले नयाँ एल्बमको भिडियो पनि बनाएका छन् । आफैंले मोडलिङ गरेको भिडियोले गीतको प्रमोसनमा बल पुग्ने विश्वास गरेका छन् उनले । कर्मक्षेत्र अस्ट्रेलियामै बनाएकाले अस्ट्रेलियामा आयोजित केही कार्यक्रममा स्टेजमा समेत प्रस्तुत भएका छन् । भन्छन्, 'अब नेपालका लागि पनि केही गर्छु ।'

Have Your Comment
Comments(0)

नयाँ पत्रिका ग्राहक हंगामा
meroclub
हाम्रो ब्लग डट कम
giftayo.com
Be there even when you are not